नौकुण्ड गाउँपालिका
सरमथली , रसुवा
३ नं. प्रदेश, नेपाल

# नौकुण्ड गाउँपालिकाको आर्थिक ऐन, २०७५

०७५/३/१०

# उद्देश्य र कारण

नौकुण्ड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथै सेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(सिर्जना लामा)
उपाध्यक्ष, नौकुण्ड गाउँपालिका

## नौकुण्ड गाउँपालिकाको आर्थिक ऐन,२०७५

**प्रस्तावना :**

नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नौकुण्ड गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि नौकुण्ड गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४. घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

**५.व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

075/3/10

**९. मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

## अनुसूची - १
(दफा २ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने सम्पत्ति कर

| सि.नं. | सम्पत्तिको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची - २
(दफा ३ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)

| सि.नं. | जग्गाको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ३
(दफा ४ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने घरवहाल कर

| सि.नं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची - ४
(दफा ५ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने व्यावसाय कर

| सि.नं. | व्यावसायको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ५

06/12/10

(दफा ६ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने जडिवुटी, कवाडी र जीवजन्तु कर**

| सि.नं. | करको प्रकार | करको दर | कैफियत |
| --- | --- | --- | --- |
| | | | |
| | | | |

**अनुसूची - ६**

(दफा ७ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने सवारी साधन कर**

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
| --- | --- | --- | --- |
| | | | |
| | | | |

**अनुसूची - ७**

(दफा ८ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने विज्ञापन कर**

| सि.नं. | विज्ञापनको प्रकार | करको दर | कैफियत |
| --- | --- | --- | --- |
| | | | |

**अनुसूची - ८**

(दफा ९ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने मनोरञ्जन कर**

| सि.नं. | मनोरञ्जनको प्रकार | करको दर | कैफियत |
| --- | --- | --- | --- |
| | | | |

**अनुसूची - ९**

(दफा १० संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क**

| सि.नं. | बहाल विटौरीको प्रकार | शुल्कको दर | कैफियत |
| --- | --- | --- | --- |
| | | | |
| | | | |

## अनुसूची - १०
(दफा ११ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने पार्किङ शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | पार्किङ शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची - ११
(दफा १२ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क

| सि.नं. | ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क को प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची - १२
(दफा १३ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने सेवा शुल्क, दस्तुर

| सि.नं. | सेवाको प्रकार | शुल्क, दस्तुरको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची - १३
(दफा १४ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने पर्यटन शुल्क

| सि.नं. | पर्यटकको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |